# नेपाल बार एशोसिएशन

रामशाहपथ, काठमाडौं
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३९
इमेल : info@nepalbarassociation.org.np
neba@nepalbar.org.np
वेब : www.nepalbar.org.np


प.सं. ६२/०८३/०८४

नेपाल संवत् ११४६ मितिः २०८३ भदौ १५ गते ।


**केन्द्रीय कार्यसमिति**
(२०८२-२०८५)

**अध्यक्ष**
वरिष्ठ अधिवक्ता प्रा.डा. विजयप्रसाद मिश्र

**उपाध्यक्ष**
अधिवक्ता पदम प्रसाद लिम्बु
अधिवक्ता भूपेन्द्र खनाल
अधिवक्ता सरस्वती श्रेष्ठ
अधिवक्ता अजय शंकर झा "रुपेश"
अधिवक्ता विवसकुमार बस्नेत
अधिवक्ता कृष्ण प्रसाद पोखरेल
अधिवक्ता तेज बहादुर रावल
अधिवक्ता सिद्ध राज ओझा

**महासचिव**
वरिष्ठ अधिवक्ता केदार प्रसाद कोइराला

**कोषाध्यक्ष**
वरिष्ठ अधिवक्ता जगत बहादुर कार्की

**सचिव**
अधिवक्ता बाबुराम अर्याल

**सदस्यहरु**
वरिष्ठ अधिवक्ता राजकुमार श्रेष्ठ
अधिवक्ता मंगल सुन्दर शिल्पकार
अधिवक्ता किरण न्यौपाने
अधिवक्ता शारदा गुरुङ
अधिवक्ता दमन बहादुर चन्द
अधिवक्ता सूर्य कुमार यादव
अधिवक्ता डा. मुकुन्द अधिकारी
अधिवक्ता रंजिता कार्की
अधिवक्ता माधव मैनाली
अधिवक्ता रिंकु कुमारी यादव
अधिवक्ता किरण पौडेल
अधिवक्ता इन्दिरा आचार्य
अधिवक्ता चिरञ्जीवी तिल्क्यानी


श्री अध्यक्षज्यू
सर्वोच्च अदालत बार एशोसिएशन ।
सम्पूर्ण उच्च अदालत बार एशोसिएशनहरू ।
विशेष अदालत बार एशोसिएशन ।
सम्पूर्ण जिल्ला अदालत बार एशोसिएशनहरू ।
एवम् सम्पूर्ण कानून व्यवसायीज्यूहरू ।

विषय : सहयोग एवम् समन्वय सम्बन्धमा ।

रसुवाको भोटेकोशी नदीमा २०८३ भदौ १० गते बुधबार बिहान चीनको सिजाङ (तिब्बत) तर्फबाट आएको भीषण बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, चितवन, पूर्वी नवलपरासी लगायतका जिल्लाहरूका बस्तीहरूमा पुगेको मानवीय तथा भौतिक क्षतिप्रति नेपाल बार एशोसिएशन गम्भीर दुःख र चिन्ता व्यक्त गर्दछ । यस विनाशकारी बाढीका कारण नुवाकोट जिल्लास्थित ४ जना कानून व्यवसायीज्यूहरू प्रभावित हुनु भएकोले मिति २०८३ भदौ १४ गतेका दिन नेबाएबाट प्रत्यक्ष रूपमा भेटघाट गरी पारिवारिक वियोगकासाथै भौतिक क्षति हुने अधिवक्ता श्री निराजन पौडेल, अधिवक्ता श्री सुमन चालिसे, अधिवक्ता श्री राजाराम थपलिया, अधिवक्ता श्री सुकबहादुर तामाङलाई तत्कालै आर्थिक सहयोग प्रदान गरिएको जानकारी गराउदछौं । पाटन उच्च अदालत बारका सदस्य अधिवक्ता श्री गुरूदत्त पाण्डेय (प्र.प.सं. ९१५८) वेपत्ता हुनु भएको र हालसम्म अवस्था अज्ञात रहेको छ ।

**यस विनाशकारी बाढीमा पीडित नागरिकहरूलाई सहयोग गर्नका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमार्फत स्वेच्छिक रूपमा आर्थिक सहयोग गर्नुहुनका लागि सम्पूर्ण बार एकाई एवम् कानून व्यवसायीज्यूहरूलाई अनुरोध गर्दछौं ।** यसरी सहयोग गरे पश्चात सोको जानकारी आवद्ध बार एकाइ मार्फत नेपाल बार एशोसिएशनमा गराउन समेत आग्रह गर्दछौं ।

नागरिकको ज्यान बचाउन, बेपत्ता व्यक्तिहरूको खोजी र उद्धार गर्न, स्थानान्तरण र सुरक्षित पुनर्स्थापना गर्न तथा घाइतेहरूको शीघ्र उपचारमा विशेष ध्यान पुऱ्याउन सरकार लगायत सबै पक्षहरूसँग अनुरोध गर्दछौं । बाढी पीडितलाई नेपाल सरकारबाट आजका स्थगलत अनुमगनको समयसम्म पनि प्रभावकारी राहत वितरण हुन सकेको छैन । पीडितहरूले थप समस्याको सामना गर्नु परीरहेको वर्तमान अवस्थामा संघ, प्रदेश र स्थानीय तह तथा सम्बद्ध सबै निकायहरूसँग समन्वय गरी पीडितहरूलाई गास, बास र कपासको तत्काल यथोचित प्रबन्ध गर्न यस एशोसिएशन नेपाल सरकारको गम्भिर ध्यानाकर्षण गराउँदछ ।

अन्त्यमा, यस विनाशकारी बाढी पहिरोमा परी ज्यान गुमाउनु हुने महानुभावहरूप्रति भावपूर्ण श्रद्धाञ्जली ब्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समबेदना प्रकट गर्दछौं । घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै बाढीमा परी बेपत्ता हुनु भएका सम्पूर्ण महानुभावहरूको सकुशल पारिवारिक मिलन होस भन्ने कामना गर्दछौं ।

वरिष्ठ अधिवक्ता केदार प्रसाद कोइराला
महासचिव